मितिः २०८२/११/०५ कार्यपालिका बैठक संख्याः- ८

आज मिति २०८२ फागुन ०५ गते मंगलबारको दिन नौकुण्ड गाउँ कार्यपालिकाको कार्यालय, सरमथली, रसुवाको अध्यक्ष श्री नुर्बु स्याङ्बो घलेज्यूको अध्यक्षतामा तपसिलका पदाधिकारीहरुको उपस्थितिमा गाउँ कार्यपालिकाको बैठक बसी देहायको प्रस्तावहरुमा छलफल गरी सर्वसम्मत निर्णय गरियो ।

उपस्थितिः-

| क्र.सं. | पदाधिकारीको नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | नुर्बु स्याङ्बो घले | अध्यक्ष | |
| २ | चन्द्र बहादुर ग्लान | उपाध्यक्ष | |
| ३ | कान्छा तामाङ | वडाध्यक्ष- १ नं. वडा | |
| ४ | डाबु ग्याल्बो थोक्रा | वडाध्यक्ष- २ नं. वडा | |
| ५ | नोकेन्द्र देव तामाङ मोक्तान | वडाध्यक्ष- ३ नं. वडा | |
| ६ | ज्ञानी वाईवा | वडाध्यक्ष- ४ नं. वडा | |
| ७ | श्याम बहादुर थिङ | वडाध्यक्ष- ५ नं. वडा | |
| ८ | यो नुर्पु तामाङ | वडाध्यक्ष- ६ नं. वडा | |
| ९ | सानु कान्छी सुनार | कार्यपालिका सदस्य | |
| १० | कालि माया तामाङ्नी | कार्यपालिका सदस्य | |
| ११ | जोमसाङ तामाङ्नी | कार्यपालिका सदस्य | जाम |
| १२ | अनिता घले | कार्यपालिका सदस्य | |
| १३ | गणेशमान घले | कार्यपालिका सदस्य | |
| १४ | सुमिना नेपाली | कार्यपालिका सदस्य | |
| १५ | सुर्य बहादुर तामाङ | सचिव | |

CamScanner

मिति: २०८२/११/०५ कार्यपालिका बैठक संख्या:- ८

प्रस्तावहरु:-

१. अघिल्लो बैठकको समिक्षा सम्बन्धमा ।
२. अनुगमन प्रतिवेदनको अनुमोदन सम्बन्धमा ।
३. विविध सम्बन्धमा ।

निर्णयहरु:-

१. यस गाउँपालिकाको गाउँ कार्यपालिकाको अघिल्लो बैठकमा भएका निर्णयहरु प्रभावकारी रुपमा कार्यन्वयन भएको भन्ने समिक्षा गरियो ।

२. यस गाउँपालिकामा आ.ब.२०८२/०८३ मा बजेट विनियोजन भई कार्यसम्पन्न भएका तपसिल बमोजिमका आयोजनाको अनुगमन प्रतिवेदन माथि छलफल गरी अनुमोदन गर्ने र उपभोक्ता समितिमार्फत निर्माण सम्पन्न भएका पूर्वाधार आयोजना सम्बन्धित उपभोक्ता समितिले नै रेखदेख र मर्मत संभार गर्ने गरी उपभोक्ता समितिहरुलाई हस्तान्तरण गर्ने निर्णय गरियो ।

| क्र.सं. | योजनाको नाम | ठेगाना | उ.स. अध्यक्ष/फर्मको नाम | विनियोजित रकम | कैफियत |
|---|---|---|---|---|---|
| १ | घट्टेखोला देखि घोर्मु हुँदै ब्रामाङ सडकसम्म पहिरो नियन्त्रण | नौकुण्ड-६ | Rasuwagadhi construction Pvt. Ltd. | १०००००० | |
| २ | थाङ्दोर हुँदै सिम्बन्दी र आरुखर्क लाङ्बु सडक मर्मत | नौकुण्ड-१ | lirung nirman sewa | १०००००० | |

३. नौकुण्ड गाउँपालिकाको निर्वाहमुखि पशुपालन प्रणालीलाई आधुनिकीकरण, विविधीकरण, व्यवसायीकरण गरि प्रतिस्पर्धात्मक ढंगबाट दुध आयातलाई प्रतिस्थापन गरी दुध निर्यात गरेर दुध तथा दुग्ध व्यवसायमा संलग्न कृषकहरुको आयस्तर वृद्धि गर्दै ग्रामिण अर्थतन्त्रमा सकारात्मक योगदान पुऱ्याउन मिति २०८२ फागुन ५ गते नौकुण्ड दुध तथा दुग्ध पदार्थ संकलन तथा वितरण केन्द्र उद्घाटन भई सञ्चालनमा आएको दुध वितरण केन्द्रमा दुध संकलन तथा सञ्चालन कार्यको लागि आवश्यक कर्मचारी श्री पेम्बा छिरिङ लामा (नौकुण्ड-३ साविक सरमथली ८) लाई नेपाल सरकारले तोकेको न्युनतम पारिश्रमिक सुविधा पाउने गरी अस्थायी ज्यालादारीको रुपमा नियुक्ति गर्ने निर्णय गरियो ।निजलाई दुध संकलन तथा ढुवानीको लागि सवारी साधनको इन्धन स्वरुप २० लिटर पेट्रोल उपलब्ध गराउने निर्णय गरियो ।

CamScanner